‘जुगल समृद्धिको आधार: प्राकृतिक स्रोतको सदुपयोग, संरक्षण र सम्भार’

भूउपयोग योजना २०७८

जुगल गाउँपालिका

सिन्धुपाल्चोक

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल
२०७३

1

मिति २०७९/०३/१८ कार्यपालिका बैठकबाट स्वीकृत।

२०७९/०४/१६

लोक बहादुर वि.क

प्रमुख प्रशासकिय अधिकृत



दस्तावेज	:	भूउपयोग योजना-२०७८
सर्वाधिकार	:	© जुगल गाउँपालिका, सिन्धुपाल्चोक
प्राविधिक सहयोग	:	सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
आवरण तस्बिर	:	जुगल गाउँपालिका वडा नं. २, निम्लुङ गाउँ
आवरण तस्विर	:	गोपाल कृष्ण बस्नेत

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश नेपाल २०७३

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

विषयसूचि

खण्ड क
परिचय

१. पालिकाको परिचय	१
२. पृष्ठभूमी	२
३. भूउपयोग योजना तर्जुमाको क्षेत्र र प्रक्रिया	२

खण्ड ख
भूउपयोग आधारपत्र

१. विद्यमान स्थिति	
क. घरपरिवार तथा जनसङ्ख्या	१४
ख. विद्यमान वस्तुस्थिती र भूउपयोगको अवस्था	
ग. पेशा व्यावसाय, उत्पादन र आम्दानी	
घ. सार्बजनिक उपयोगका क्षेत्रहरु	
ङ. खोला तथा नदी	
च. वन तथा बनस्पती	
छ. प्रकोप तथा जोखिमको अवस्था	
ज. उद्योग तथा खनिज	
ञ.अन्य क्षेत्र:	

२. स्थिती विश्लेषण

   क. विगत ३० वर्षको अवस्था

   ख. वर्तमान अवस्था

   ग. तापमानको विश्लेषण १४

खण्ड-ग

नगरपालिकाको भूउपयोग सोच पत्र

१. दीर्घकालिन सोच १६

२. लक्ष २२

३. उद्देश्य

४. रणनीति र कार्यनीति

५. ५० वर्ष पछिको अवस्था विश्लेषण २२

६. अद्यावधिक भूउपयोग क्षेत्र नक्सा

७. पहिरो जोखिम क्षेत्रको नक्सा

खण्ड घ

नगरपालिकाको भूउपयोग कार्ययोजना

१. कार्ययोजना

२. कार्यान्वयन

३. अनुगमन तथा मुल्याङ्कन

खण्ड क

परिचय

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१. पालिकाको परिचय :

उच्च पहाडी क्षेत्रमा रहेको जुगल गाउँपालिका वाग्मती प्रदेशमा पर्छ। ५९६ वर्ग.कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा रसुवा जिल्ला र चीन, पश्चिमतर्फ पाँचपोखरी थाङ्पाल गाउँपालिका, दक्षिणमा चौतारा साँगाचोकगढी नगरपालिका, इन्द्रावती गाउँपालिका, बलेफी गाउँपालिका र पूर्वमा बाह्रबीसे नगरपालिका र भोटेकोसी *गाउँपालिका छन्। समुद्री सतहको ७७४ मि.* देखि ६९६६ मि. दोर्जे लाक्पा हिमालको शिरसम्म यो पालिका फैलिएको छ।

समुद्री सतहबाट ८१७ मिटर उचाइदेखि जुगल हिमालको ६५३३ मिटरसम्मको उँचाईमा फैलिएर रहेको यस गाउँपालिकामा उच्च पहाडी क्षेत्र, मध्य पहाडी क्षेत्र र थोरै मात्रमा टारहरू छन्। जमिनको वर्गीकरणका आधारमा १७.४५ वर्ग कि.मि हिउँ तथा चट्टानले ढाकेको, ६१.१६ वर्ग कि.मि. चरण तथा बुट्यान क्षेत्र, ५९.४९ वर्ग कि.मि. खेतीयोग्य क्षेत्र, २४२.३८ वर्ग कि.मि. जङ्गलले ढाकेको क्षेत्र र ५.२६ वर्ग कि.मि. जलस्रोतले ओगटेको छ। क्षेत्रफलका हिसाबले ठूलो गाउँपालिका भए तापनि पालिकाको तल्लो क्षेत्रमा मात्र कृषियोग्य जमिन छ। भएको कृषियोग्य क्षेत्रको समुचित सदुपयोग गर्न सकेमा पालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने राम्रो सम्भावना छ।

यस गाँउपालिकाको भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा विश्लेषण गर्दा जमिनमा १७ डिग्रिदेखि ७५ डिग्रिसम्मको भिरालोपन देखिन्छ। जस्का कारण यो गाँउपालिका मनसुनजन्य विपद्को उच्च जोखिममा रहेको छ।

४० डिग्री भन्दा माथिको भिरालोपना भएको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ। यस्ता जमिनमा भू-क्षयीकरणको प्रवृत्ती तिब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनप्रयोग गर्न असम्भव प्रायनै हुन्छ। त्यसैले यस्ता क्षेत्रमा लहरेबाली तथा बोटबिरुवाहरु लगाई माटोको क्षयीकरणलाई रोक्नुपर्छ।

२. पृष्ठभूमी :

लोक बहादुर ...
प्रमुख प्रशासकिय अधिकृत

भूउपयोग ऐन, २०७६ को दफा ६ (१) मा प्रत्येक स्थानीय तहले भूउपयोग योजना तर्जुमा गर्नु अघि भूमिको वस्तुस्थिति, जनसंख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने वृद्धि लगायतका विषयमा अध्ययन गरी दीर्घकालीन भूउपयोग योजनाको आधारपत्र तर्जुमा गर्नु पर्ने व्यवस्था छ । यही व्यवस्था अनुरुप नै यो आधारपत्र तयार पारिएको हो ।

उत्पादन, व्यवस्थापन र विकासका क्रममा भूमिमा गरिने क्रियाकलाप नै भूमिसँगका व्यवहार हुन् । भूमि भन्नाले सतहमात्र नभै जल, जमीन, वनस्पति र जलवायू अर्थात वातावरण समेतलाई बुझ्नुपर्छ । भूमिको क्षमता र गुण यसको अवस्थिति र वातावरण अर्थात क्षेत्र अनुसार फरक फरक हुन्छ ।

जुगल गाउँपालिकामा रहेको भूमिको समुचित प्रयोग गर्दै स्थानीयवासीको जीवन रक्षा र आर्थिक समृद्धिमा योगदान पुऱ्याउनु यस योजनाको मुख्य मार्गचित्र रहनेछ । नेपालको संविधान २०७२ ले आवास, खाद्य सुरक्षा र दलित समुदाय लगायत पछाडि परेका वर्गलाई सम्मानपूर्वक बाँच्न पाउने विषयलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यसो हुँदा यी हकको प्रत्याभूतिका लागि भूमि स्रोतलाई मुख्य आधारको रुपमा उपयोग, जोखिम् बस्तीहरुको पहिचान गरि त्यस्ता वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरणको व्यवस्था, पूर्वाधारको निर्माण तथा विकास आयोजना संञ्चालनका लागि उपयुक्त जमीनको पहिचान, सुरक्षा र आवश्यकता अनुसार व्यवस्थापन एवं उपयोग गर्न यो आधारपत्र र यसका आधारमा तर्जुमा गरिएको भूउपयोग योजना केन्द्रित रहनेछ ।

समृद्धिको लागि आर्थिक पूर्वाधार पूर्व शर्त हुने भएकाले पूर्वाधारहरु निर्माण तथा विकास आयोजनाको लागि उपयुक्त जमिनको पहिचान, सुरक्षा र आवश्यकता अनुसार व्यवस्थापन एवम् उपयोग गर्नु यस योजनाको अहम् भूमिका हुनेछ । भूमिको उपयोग हुने हरेक योजनाहरु कार्यान्वयन गर्दा यो योजनालाई मुख्य आधार मानिनेछ ।

स्थानीय तहमा भूउपयोग योजना तर्जुमा गर्दा अपनाइने चार चरण मध्ये पहिलो चरण भूउपयोग योजनाको आधारपत्र तर्जुमा हो । भूउपयोग योजनाको आधारपत्र दिगो लाभका लागि गरिने विवेकपूर्ण निर्णययुक्त दीर्घकालीन योजनाको लागि आधारभूत सूचना उपलब्ध गराउने दस्तावेज हो । भूउपयोग योजना भनेको भूमिबाट महत्तम लाभ लिन भूमिलाई विभिन्न क्षेत्रमा वर्गीकरण गरी प्रयोगमा ल्याउने प्रक्रिया हो । भूउपयोग योजना

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

विना, उपलब्ध जमिनको सहि सदुपयोग गर्दै जोखिम् वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण सकिदैन। जमिनको दिगो उपयोग र व्यवस्थापनको लागि भूउपयोग योजना अपरिहार्य रहेको छ । त्यसैले उल्लेखित आधारहरुमा जुगल गाउँपालिकाको भूउपयोग योजना तर्जुमा गरी जारी गरिएको छ ।

३. भूउपयोग योजना तर्जुमाको क्षेत्र र प्रक्रिया

जुगल गाउँपालिकाको यो पहिलो भूउपयोग योजना हो । यस भूउपयोग योजनामा विद्यमान भूमिको प्रयोगको अवस्था, आवश्यकता, भूस्वामित्व, उत्पादन स्थिती र आवश्यकता, धार्मिक, साँस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाको सरंक्षण र उपयोग, सुरक्षित एवं व्यवस्थित वस्ती र स्थानीय पूर्वाधारहरूका सूचनाहरु समावेश गरिएको छन् ।

जुगल गाउँपालिकाको भूउपयोग योजना तयार गर्नको लागि गाउँपालिका भित्रका वस्तीहरुको अवलोकन, सम्वन्धीत समुदाय, स्थानीय जनप्रतिनिधीहरुसंगको अर्न्तक्रिया, जुगल गाउँपालिकाको प्रारम्भिक घरधुरी सर्वेक्षण, २०७७ को तथ्यांक र जुगल गाउँपालिकाको नीति तथा कार्यक्रम २०७७/०७८ को समीक्षा प्रयोग गरिएको छ । यसरी तयार पारिएको भूउपयोग योजना भूउपयोग परिषद् र कार्यान्यवयन समितिसँग छलफल गरि स्थानीय भूउपयोग परिषद्बाट अनुमोदन गरि कार्यान्वयन गरिनेछ ।

खण्ड-ख
भूउपयोग आधारपत्र

लोक बहादुर
प्रमुख प्रशासकीय अधिकृत

भूउपयोग योजना तर्जुमाको महत्वपूर्ण प्रक्रिया मध्येको एक भूउपयोग आधारपत्र तर्जुमा गर्नु हो । यस खण्डमा नगरपालिकाको विद्यमान भूउपयोग, जनसंख्या तथा प्राकृतिक सम्पदाहरुको विषयमा अध्ययन तथा विश्लेषण गरिएको छ ।

गाउँ कार्यपालिकाको कार्यालय
जुगल गाउँपालिका
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१. विद्यमान स्थिती

गाउँपालिकाको भूउपयोग योजना तर्जुमा गर्नुअगावै स्थानीय तहको सोचपत्रको पुरक खण्डका रुपमा भूउपयोगसंग प्रत्यक्ष सम्वन्धित भूउपयोगको स्थिती, कृषी क्षेत्र, जनसंख्या, पेशा व्यवसाय, सडक सुविधा, खाद्य सुरक्षा, नदि उकास र जोखिम् क्षेत्रको अवस्था, भूमि मागको अवस्था, संरक्षण, एकिकृत वस्ती विकास र वातावरणीय स्वच्छता लगाएतका विषयमा सूचना संकलन गरि विद्यमान स्थितिको आकलन गरिएको छ ।

क. घर/परिवार तथा जनसङ्ख्या

- राष्ट्रिय जनगणना, २०६८ अनुसार जुगल गाउँपालिकाको कुल जनसङ्ख्या १९,२३१ थियो । जसमध्ये पुरुष ४९.८ प्रतिशत (९,५८१ जना) र महिला ५०.२ प्रतिशत (९,६५० जना) थियो । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी तामाङ जाति ११,३३४ जना (५८.९३ प्रतिशत), दोस्रोमा नेवार २,६९० जना (१३.९८ प्रतिशत) र तेस्रोमा क्षेत्री २०६८ (१०.७५ प्रतिशत) को बसोबास थियो ।
- गाउँपालिकाले २०७७ मा गरेको घरधुरी सर्वेक्षण अनुसार ५१७५ घरधुरी र २७,६६२ जनसङ्ख्या छ । यसरी हेर्दा पालिकाको जनसङ्ख्या पछिल्लो १० वर्षमा ४३.८४ प्रतिशतले बढेको देखिन्छ । उक्त सर्वेक्षणका आधारमा हेर्ने हो भने कुल जनसङ्ख्या मध्ये १४२९९ (५१.६९ प्रतिशत) पुरुष, १३,३६३ (४८.३० प्रतिशत) महिला छन् । २०७७ को तथ्याङ्क अनुसार पुरुषको जनसङ्ख्या महिलाको भन्दा बढी छ। परिवारको औसत आकार ५.३ छ । त्यस्तै महिला घरमूली भएका घर सङ्ख्या ५८७ र पुरुष घरमूलीको सङ्ख्या ४५८९ छ । २०६८ सालको जनसङ्ख्यालाई आधार मान्दा पालिकाको जनसङ्ख्या वृद्धि दर ३.४६ प्रतिशत छ ।

ख. विद्यमान वस्तुस्थिती र भूउपयोगको अवस्था

- नेपाल सरकार नापी विभागले २०५१ सालमा गरेको सर्वेक्षण अनुसार जुगल गाउँपालिकाको कूल क्षेत्रफलको २४.६८ प्रतिशत जङ्गल, २१.४७ प्रतिशत वुट्यान तथा चरिचरण छ भने १२.४७ प्रतिशत भने कृषि क्षेत्रले ओगटेको देखिन्छ ।
- २०५२ मा १२.०४ प्रतिशत, २०६६ मा ८.१ प्रतिशत र २०७७ मा १० प्रतिशत देखिन्छ । यसरी हेर्दा २०६६ सालको तुलनामा हाल खेतियोग्य जमिनको क्षेत्रफल

लोक बहादुर वि.
प्रमुख प्रशासकिय अधिकृत

वढेको देखिन्छ । साथै वाँझो जमिनको मात्रा घट्दै गएको छ भने वन क्षेत्र र हिउँले ढाकेको क्षेत्र वढेको देखिन्छ ।

- नापी विभागको आर्थिक वर्ष २०७७।७८ को अध्ययन प्रतिवेदन अनुसार जुगल गाउँपालिकाको विध्यमान भूउपयोगको अवस्थालाई देहायवमोजिमको क्षेत्रहरुमा वर्गिकरण गरिएको देखिन्छ ।

क्र.सं.	भूमि बर्गिकरणका क्षेत्र	कित्ता संख्या	क्षेत्रफल हेक्टरमा	प्रतिशत
१	कृषियोग्य क्षेत्र	४७८३०	११०५३.७७	५२.५९
२	आवासीय क्षेत्र	४८०३	२२१.२४	१.०५
३	व्यवासायीक क्षेत्र	५६	३.५६	०.०२
४	औद्योगिक क्षेत्र	१	०.०९	०.०००४
५	खानी तथा खनीजजन्य क्षेत्र	०	०.००	०.००
६	वन क्षेत्र	२९६	९२४३.२७	४३.९७
७	खोला, नदी, ताल तथा सिमसार क्षेत्र	१४०	२७.२७	०.१३
८	सार्वजनिक उपयोगको क्षेत्र	१५२	४६२.९८	२.२०
९	सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र	१	०.०६	०.००
१०	अन्य	५९	८.२३	०.०४
	जम्मा	५३३३८	२१०२०.४७	१००

स्रोत: नापी विभागको आर्थिक वर्ष २०७७/७८ को अध्ययन प्रतिवेदन अनुसार

क) **कृषियोग्य क्षेत्र:** कृषिक्षेत्र भन्नाले कृषि वाली उत्पादन, पशुपन्क्षी पालन, फर्म हाउस, पत्स्यपालन, माहुरीपालन, रेशम खेती लगाएत कृषिजन्य उत्पादन, वागवानी वा वनवाटीका,जडिवुटी र कृषि वनको लागि प्रयोग भएको र हुन सक्ने जग्गा सम्झनु पर्छ । नापी विभागको आर्थिक वर्ष २०७७।७८ को अध्ययन प्रतिवेदन अनुसार जुगल गाउँपालिकाको कूल जमिन मध्ये १०७८९.५९ हेक्टर (१८.२५ प्रतिशत) कृषि योग्य जमिन रहेको देखिन्छ। ५०९०.५ हेक्टरमा (४६.७९ प्रतिशत) अन्नवालीको लागि उपयुक्त छ भने २२४.१४ हेक्टर (२.०६ प्रतिशत) जमिन भने नगदे वालिको लागि उपयुक्त देखिन्छ। त्यसैगरि ६६७.२८ हेक्टर (६.४१ प्रतिशत) जमिन फलफुल खेती साथ वागवानीको लागि उपयोग गर्नुपर्ने देखिन्छ भने

लोक बहादुर थि...
प्रमुख प्रशासकिय अधिकृत

पशुपालन र माछापालन भने नगन्य देखिन्छ । त्यसैगरि ४८६८.०२ हेक्टर जमिन कृषि र जंगल अर्थात (Agro forestry) को लागि उपयोग भएको देखिन्छ जुन कृषि योग्य जमिनको ४४.७४ प्रतिशत हो ।

ख) आवासीय क्षेत्र : आवासीय क्षेत्र भन्नाले मानवीय वासस्थानको लागि प्रयोग भएका घर रहेको जग्गा तथा घरसंग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, ईनार, फलफुल वगैचा, करेसावारी आगन वा त्यस्तै कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनुपर्छ र सो शव्दले वासोवासको लागि प्रचलित कानून वमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउछ । नापी विभागको प्रतिवेदन अनुसार जुगल गाउँपालिकाको कूल जमिन मध्ये ३४० हेक्टर (०.५७ प्रतिशत) जमिन आवासीय क्षेत्र देखिन्छ । आवासीय जमिनको २८८.८९ हेक्टर अर्थात ८४.९४ प्रतिशत जमिनमा हाल मानिसहरुको वासोवास रहेको देखिन्छ भने वाँकी ५१.१५ हेक्टर जमिन संभावित वसोवासको क्षेत्र देखिन्छ जुन आवासीय जमिनको १५.०४ प्रतिशत हुन आउछ ।

ग) व्यवासायीक क्षेत्र: व्यावसायिक क्षेत्र भन्नाले वैकं, सहकारी, वित्तिय संस्था, पसल, होटल प्रदंशनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, संञ्चार मनोरञ्जन सम्वन्धी सेवा, वस्तु खरिद विक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलव्ध गराउने स्थान, अन्य कुनै व्यवसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनाको लागि छुट्याईएका जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शव्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा वजार विस्तार गर्ने गरि कानून वमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउछ । नापी विभागको प्रतिवेदन अनुसार पालिकाको कुल जमिन मध्ये १०.५७ हेक्टर जमिन व्यावसायिक जमिन रहेको छ जुन कुल जमिनको ०.०२ प्रतिशत देखिन्छ । व्यावसायिक जमिन मध्ये १.०६ हेक्टर जमिन सरकारी सेवा प्रदायक कार्यालयहरु छन् जुन व्यवसायिक क्षेत्रको १०.०६ प्रतिशत रहेको छ । व्यावसायिक जमिन मध्ये ९.५१ हेक्टर जमिन भने व्यावसायिक क्षेत्रको रुपमा उपयोग गर्नुपर्ने देखिन्छ ।

घ) औद्योगिक क्षेत्र: औधोगिक क्षेत्र भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उधोग तथा सो संञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगाएत सो प्रयोजनको लागि छुट्याईएका जग्गा सम्झनु पर्छ र सो शव्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उधोग प्रवर्द्धन गर्ने उदेश्यले प्रचलित कानून वमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जानाउछ ।

प्रतिवेदन अनुसार कूल जमिनको १.०७ हेक्टर जमिन औधोगिक प्रयोजनको लागि उपयुक्त देखिन्छ । जुन कूल जमिनको तुलनामा नगन्य नै हो । कूल औधोगिक जमिनको ०.६१ हेक्टर जमिन (५७ .२८ प्रतिशत) औधोगिक क्षेत्रको रुपमा प्रयोग भैरहेको देखिन्छ भने ०.४६ हेक्टर (४२.७२ प्रतिशत) जमिन भने संभावित औधोगिक क्षेत्रको रुपमा उपायोग गर्नु पर्ने देखिन्छ ।

ङ) खानी तथा खनिजको क्षेत्र: खानी तथा खनिज क्षेत्र भन्नाले प्रचलित कानून वमोजिम खानी तथा खनिज पदार्थको उत्खनन्, उत्पादन, शुद्धिकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनले छुट्याईएको क्षेत्र सम्झनु पर्दछ। प्रतिवेदन अनुसार यस गाउँपालिकाको कूल क्षेत्रको १.३२ हेक्टर क्षेत्र भने खानी तथा खनिजको क्षेत्रहरु रहेको देखिन्छ जुन सञ्चांलन र संभावित गरि दूवैले ओगट्ने क्षेत्र हुन आउछ।

च) वन क्षेत्र: वनक्षेत्र भन्नाले प्रचलित कानून वमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ। प्रतिवदेन अनुसार पालिकाको कूल क्षेत्रफलको २०६०१.४४ हेक्टर वन क्षेत्र रहेको छ जुन कुल क्षेत्रफलको ३४.५५ प्रतिशत रहेको छ। वनक्षेत्र मध्ये २०५२२.५० हेक्टर वनजंगले ओगटेको छ, जुन वनक्षेत्रको ९९.६२ प्रतिशत देखिन्छ। त्यसै गरि वाँझो र ओसिलो क्षेत्रले ओगटेको जमिन भने ७८.९३ हेक्टर रहेको छ जुन वनक्षेत्रको ०.३८ प्रतिशत देखिन्छ। यी क्षेत्रपनि संभावित वनक्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।

छ) खोला, नदी, ताल तथा सिमसार क्षेत्र: पालिकाको कूल क्षेत्रफलको ६६३.१२ हेक्टर जमिन नदि नाला, खोल्सि र सिमसार क्षेत्रले ओगटेको देखिन्छ जुन कूल जमिनको १.११ प्रतिशत रहको छ ।

ज) सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र: सांस्कृतिक तथा पुरातात्वयिक महत्वको क्षेत्र भन्नाले धार्मिक स्थल ,धर्मशाला, पुरातात्वयिक महत्वको दरवार, तथा प्रचलित कूानन वमोजिम सांस्कृतिक तथा पुरातात्वयिक महत्वका भनि तोकिएको क्षेत्र सम्झिनु पर्छ । नापी विभागको प्रतिवेदन अनुसार यस गाउँपालिको कूल क्षेत्रको ०.१५ हेक्टर जमिन सांस्कृतिक तथा पुरातात्वयिक सम्पदाले ओगटेको देखिन्छ । जुन सांस्कतिक तथा पुरातात्वयिक सम्पदाको विध्यमान अवस्था हो ।

ग. पेशा/व्यवसाय, उत्पादन र आम्दानी

यस पालिकाका मानिसको प्रमुख पेशा कृषि हो । निर्वाहमुखी र पारिवारिक खेती प्रणालीमा आधारित कृषि पेसालाई आधुनिक कृषि प्रणाली तथा प्रविधिको प्रयोग गरी व्यावसायिक खेती भने गरेको देखिँदैन । ५,१७५ घरधुरीमध्ये ४,०९७ परिवार कृषि पेसामा संलग्न छन् ।

७४२ परिवारलाई आफ्नो कृषि उत्पादनबाट ३ महिना, १,४८७ परिवारलाई ४ देखि ६ महिना, १,४३६ परिवारलाई ७ देखि ९ महिना र १,५१० परिवारलाई ९ महिना खाएर बचत हुने देखिन्छ ।

खाद्यन्न उपलब्धताका आधारमा परिवार सङ्ख्याको विवरण	घरधुरी	प्रतिशत
० देखि ३ महिना खाना पुग्ने परिवार	७४२	१४.३४
४ देखि ६ महिना खाना पुग्ने परिवार	१४८७	२८.७३
७ देखि ९ महिना खाना पुग्ने परिवार	१४३६	२७.७५
९ देखि १२ महिना खाएर बचत हुने परिवार	१५१०	२९.१८
जम्मा	५१७५	१००

स्रोत : पालिका तथ्यांक २०७८

बिक्री गरेको मुख्य कृषि उत्पादनमा आलु, कोदो, धान र मकै छन् । घरधुरी सर्वेक्षण २०७७ अनुसार वार्षिक रूपमा पालिकाभित्र तपसिलका खाद्य सामग्री उत्पादन हुने गरेका छन् :

क्र.सं.	खाद्यान्न को नाम	उत्पादित परिणाम (क्विन्टलमा)	लगाइएको क्षेत्रफल (रोपनीमा)	क्र.स	खाद्यान्न को नाम	उत्पादित परिणाम (क्विन्टलमा)	लगाइए को क्षेत्रफल (रोपनीमा)
१	आलु	१४८७९.३२	५९२४	४	गहुँ	२१२८.०२	३४४८
२	मकै	१८३५७.८	२०३४२	५	धान	९५९८.९४	१६४६४
३	कोदो	१३८०२	१४५४९	६	जौ	५५२.८३	३८१

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

पशुपन्छी पालनको हिसाबले हेर्ने हो भने यस पालिकामा गाई, गोरु, बाखा, भैँसी, च्याङ्ग्रा र माथिल्लो भेगमा चौँरी र भेडा पाल्ने गरिएको छ।
पालिकाको कुल सक्रिय जनसङ्ख्यामध्ये ५,४९९ व्यक्तिले आफ्नो प्रमुख पेसामा कृषि कर्मलाई रोजेका छन्। त्यस्तै ज्याला मजदूरी गर्ने ११५२, नोकरी गर्ने ९५८ र वैदेशिक रोजगारीमा ११३८ व्यक्ति छन्।

घरको बनावटको प्रकार हेर्दा जस्तापाताको छानो प्रयोग गरेका ४,८३६ र आरसिसी ढलान गरी घर बनाएका ३१० परिवार छन्। पालिकाको घरधुरी सर्वेक्षणका क्रममा तपाईंले पशु पालन गर्नुभएको छ भन्ने प्रश्नमा ३,५८९ परिवारले पालेको छ भनेका छन् भने १५८६ परिवारले कुनै पनि पशुपन्छी पालन नगरेको बताएका छन्।
त्यस्तै विपद् सचेतीकरणका दृष्टिकोणले तपाईंको घर प्राकृतिक प्रकोपको जोखिममा छ कि छैन भन्ने प्रश्नमा १७३९ परिवारले छ, ३४१८ परिवारले छैन र १८ परिवारले थाहा छैन भन्ने उत्तर दिएका छन्।

घरधुरी सर्वेक्षण २०७७ अनुसार आफ्नै जमिनको स्वामित्वमा घर हुने ५०४८, अफन्तको जमिनमा घर हुने ३३ र भाडामा बस्ने ७४ परिवार छन्।

घ. सार्वजनिक उपयोगका क्षेत्र

जुगल गाउँपालिकामा जम्मा ११ वटा सामुदायकि भवन छन्। स्थानीयले उक्त भवन सामूहिक/सामाजिक कार्यका लागि प्रयोग गर्ने गरेका छन्। केही भवन विपद्को समयमा आवासका रूपमा प्रयोग गर्न मिल्नेछन्।
गाउँपालिकाका प्रायः सबै वडामा नाम चलेका र समुदाय अनुसारको आस्थाको धरोहरका रूपमा ७७ वटा सार्वजनिक पाटी/पौवा, मन्दिर, चौतारा तथा प्रतीक्षालय र गुम्बा छन्।
भौगोलिक रूपमा विकट यो गाउँपालिकामा प्रायः समथर र सुरक्षित स्थान छैनन्। भएका जग्गा पनि व्यक्तिको नाममा छन्। केही सार्वजनिक खुला स्थानको रूपमा सेलाङ बाँसखर्क, पोक्चेल डाँडा, गुम्बा गाउँको माथिल्लो भेग, पोङ्लोङ डाँडालगायत छन्।

ङ. खोला तथा नदी

पालिकामा प्रमुख ब्रह्मायणी, नेसम, बराम्ची, सेलाङ, गोल्चेलगायतका खोलाबाट लगभग २०० मेगावाट भन्दा बढी विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ क़ाम भइरहेको छ।

लोक बहादुर थि...
प्रमुख प्रशासकिय अधिकृत

जुगल हिमाल र यसबाट बगेको ब्रह्मायणी नदीको काखमा रहेको जुगलमा पर्यटन व्यवसायको राम्रो सम्भावना छ । जुगल हिमाल आधार शिविर, नेपेमासल, डल्ले पोखरी, सेलाङ डाँडा, याङ्लाकोट, दोमोङ पोखरीलगायतका क्षेत्र प्रमुख पर्यटकीय स्थल हुन् ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

च. वन तथा वनस्पती

पालिकाको कुल क्षेत्रफलको ४७.३६ प्रतिशत क्षेत्र वन तथा झाडीले ढाकेको छ । यस क्षेत्रमा पाइने प्रमुख रुखहरूमा गोब्रे सल्ला, दार, चाँप, धुपी, उत्तिस, चिलाउने, मौवा, ठिङ्ग्रे सल्लो र साल हुन् । उच्च पहाडी क्षेत्रका धेरै भूभाग झाडी र पोथ्राले ढाकेको छ ।

ग्रामिण भेगका मानिसले प्रमुख इन्धनका रूपमा दाउरा प्रयोग गर्ने भएकाले उपलब्ध जङ्गलले स्थानीयको माग पूरा गरिरहेको छ । जेठ असार महिनामा वडा नं. ३ को उच्च क्षेत्रमा बहुमूल्य जडीबुटी यार्सागुम्बा टिप्नेको ठूलो भिड लाग्ने गर्दछ । त्यस्तै गरी पालिकामा लोक्ता, चिराइतो, मजिनो, टिम्मुर, सिल्टिम्मुर, ठूलो ओखती, पाखनवेद, मलायो, अमला लगायतका जडिबुटी पर्याप्त मात्रामा पाइन्छ । ऐसेलु, मान्द्रा, चुत्रो र काफल लायतका वनजन्य फलफूल पनि पर्याप्त मात्रामा पाइन्छ । यस गाउँपालिकामा २३ वटा सामुदायिक वनले २२५७.५४ हेक्टर जमिन ओगटेका छन् ।

छ. प्रकोप तथा जोखिमको अवस्था :

गाउँपालिकाले विशेष गरि वाढि र पहिरो जस्ता प्राकृतिक प्रकोपको मार खेपिरहेको छ । अव्यवस्थित सडक विस्तार, खेतीयोग्य जमिनको विनाश, अव्यवस्थित उत्खनन् र बसोबासका कारणले आगामी दिनमा अझै समस्या ल्याउने देखिन्छ । गाउँपालिकाको बसोबासको क्षेत्रको हिसाबले लिदी, बोल्दे, सानो नाम्फा, मगरनाम्सा, सेप गाउँ, आहाल, देउराली, झुल्के, दिपुलगायतका क्षेत्र बढी जोखिममा रहेका

ज. उद्योग तथा खनिज

यस पालिकामा औपचारिक रूपमा दर्ता भएका कुनै पनि उद्योग तथा कलकारखाना छैनन् । ढुङ्गा खानीको पर्याप्त सम्भावना रहेको यस गाउँपालिकामा औपचारिक रूपमा दर्ता भएर सञ्चालन गरिएका चारवटा ढुङ्गा खानी छन् भने दर्तावाल व्यक्तिगत तथा निजी जग्गाबाट स्लेट सङ्कलन गर्न विभिन्न २७ वटा केन्द्र निर्धारण गरिएको

लोक बहादुर थि...
प्रमुख प्रशासकिय अधिकृत

छ । पालिका भित्रको औद्योगिक कच्चा पदार्थमा विशेष गरी काठ, दाउरा, ढुङ्गा, गिट्टी, बालुवा, बाँस, निगालो र ग्राभेल छन् ।

झ.अन्य क्षेत्रः

पालिकामा हाल १० प्रतिशत मात्र खेतीयोग्य जमिन छ । यस क्षेत्रको प्रमुख कृषि उत्पादन मकै, कोदो, गहुँ, आलु हो भने पालिकाको तल्लो भेगमा धान राम्रो उत्पादन हुने गरेको छ ।
घरधुरीको बसोबासको स्थिति हेर्दा २७,६६२ जनसङ्ख्यामध्ये गाउँमा नै बस्ने १९,४४५, विदेशमा बस्ने १,८४३, नेपालमै तर पालिका भन्दा बाहिर बसोबास गर्ने ६,३६३ जना छन् भने ११ जना सम्पर्क बिहीन छन् ।

पानीको स्रोत र उपलब्धता राम्रो रहेको यस पालिकामा व्यवस्थित तरिकाले सिँचाइ संरचना निर्माण गरी खेती गरेको निकै नै कम देखिन्छ । अव्यवस्थित सडक संरचना निर्माणका कारण यस पालिकामा सिँचाइका संरचनाहरू जीर्ण बनी सडक र बस्तीलाई समेत असर गरेको छ । समुदाय तथा पालिकाले भएका मूलको संरक्षण गरी व्यवस्थित संरचना निर्माण गरेमा सिँचाइ सुविधा सबै स्थानमा पुर्‍याउन सकिने देखिन्छ ।

पालिकाको मुख्य बजार कात्तिके र ढाडे हो । दुवै स्थानमा योजनाबिहीन तरिकाले बजार र बस्तीहरू विस्तार हुँदै गएको छ । कठिन भूगोल र अव्यवस्थित शहरीकरणका कारण निर्माण भएका संरचनाले भोलिका दिनमा विपद् ननिम्त्याउला भन्न सकिन्न ।

गाउँपालिकाले प्राकृतिक प्रकोपको मार खेपिरहेको छ । अव्यवस्थित सडक विस्तार, खेतीयोग्य जमिनको विनाश गरी अव्यवस्थित तरिकाले सञ्चालन गरिएका ढुङ्गा खानीले आगामी दिनमा अझै समस्या ल्याउने देखिन्छ ।

स्वच्छता प्रबर्द्धनका साथै जैविक विविधताको संरक्षणका लागि नदी खोलाको संरक्षण गर्ने नीति तर्जुमा गर्ने, बजार क्षेत्रबाट उत्सर्जन भएका फोहोरमैलाको वर्गीकरण गरी व्यवस्थापन गर्न पालिकाले सरोकारवाला निकाय र साझेदार संस्थासँग सहकार्य गरी लगानी बढाउनुपर्ने हुन्छ ।

२. स्थिती विश्लेषण

क. विगत ३० वर्षको अवस्था

पालिकाका कृषकहरूले खेती गर्नका लागि गोरु प्रयोग गर्थे । स्थानीय बिउबिजन प्रयोग गरी निर्वाहमुखी र पारिवारिक खेती अर्मपर्म गरी गरिन्थ्यो । रसायनिक मलको सट्टा

गोठेमलको प्रयोग बढी गरिन्थ्यो । केही मात्रामा रासायनिक मलको प्रयोग पालिकाका तल्लो क्षेत्रका कृषकले गर्थे । खेतीयोग्य जमिनको समुचित र अधिकतम् प्रयोग भएको थियो । बाँझो जमिन कम थियो । खेतीयोग्य जमिनलाई व्यवस्थित तरिकाले प्रयोग गरी सामूहिक रूपमा बस्ने चलन थियो । धेरै जमिनमा खेती गरे तापनि थोरै मात्रामा उत्पादन हुने हुनाले समुदायका केही परिवारमा अनिकालको समस्या थियो । जङ्गली जनावरले खेतीबालीमा धेरै हानि गरेको सुनिँदैनथ्यो । समुदाय भन्दा धेरै माथिल्लो क्षेत्रमा पनि खेती गरिन्थ्यो र जङ्गलमा पर्याप्त कन्दमूल पाइन्थ्यो । जङ्गलका जनावर त्यसैमा भुल्थे ।

पशु पालनको क्षेत्रमा हेर्ने हो भने मुख्यगरी गाई, गोरु, बाखा, भेडा, चौंरी, भैंसी र कुखुरा पाल्ने गरिएको थियो । व्यावसायिक रूपमा नभइ आफ्ना आवश्यकता पूरा गर्नका लागि र खेतीपातीमा प्रयोग गर्नका लागि पाल्ने गरिएको थियो ।

पालिकाको तल्लो भेगमा घरहरू ढुङ्गा-माटोको जोडाइमा छानोको रूपमा स्थानीय कालो ढुङ्गा प्रयोग गरी बनाइन्थ्यो । माथिल्लो भेगमा भने हिमाली सल्लाको फल्याकले घर छाएर बस्ने चलन थियो । खेतीयोग्य जमिनमा अस्थायी गोठ बनाएर मल खुदाउने चलन थियो । मानिस धेरै समय गोठमा नै व्यतित गर्थे ।

स्थानीय प्रजातिका कृषि बिउबिजन र गोठेमलको प्रयोग गरी उत्पादन गरिएका कारण अन्न भण्डारण लामो समयसम्म गर्न सकिन्थ्यो भने पोषणयुक्त पनि थियो । घट्टमा पिँधिएको पीठो मानव स्वास्थ्यका लागि उत्तम थियो । बिउबिजनमा आत्मनिर्भर थियो भने लेकका आलुसँग अन्न साट्ने प्रचलन थियो । सामाजिक सद्भाव राम्रो थियो ।

पालिकामा विपद्का हिसाबले हेर्ने हो भने पहिले भेलबाढी र पहिरोको समस्या निकै नगन्यमात्रामा थियो । प्राकृतिक रूपमा गएको पाङ्गताङ्ग गाविसको तीनहाङ्ग पहिरो, बराम्ची गाविस र पाङ्गताङ्ग गाविसको सिमानामा गएको सुनखोलाको पहिरो, दिपु र तेम्बाथानको बीचमा रहेको महास्थान पहिरो जुगल क्षेत्रकै सबै भन्दा ठूला पहिरो हुन् ।

खेती गर्दा कृषकले अनावश्यक पानी उचित तरिकाले खोल्सीमा कटाउँथे । जसले गर्दा बस्तीमा भेलबाढी र पहिरोको समस्या निकै नै कम थियो । त्यस्तै खेतीयोग्य जमिनको खेतीपातीमा प्रयोग र बाँझो जमिनलाई पनि खेतीपातीमा प्रयोग गर्नाले बाँदर, बँदेल र मृगले गाउँबस्तीमा धेरै दुःख दिँदैनथ्यो ।

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लोक बहादुर ... प्रमुख प्रशासकीय अधिकृत

सडक सञ्जलाहरू निर्माण गरिएका थिएनन् । गोरेटो र घोडेटो बाटो नै बढी प्रयोग गरिन्थ्यो । सडक विस्तार नहुँदा मानव जीवनमा समस्या भए तापनि पर्यावरण भने राम्रो थियो ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

सडक संञ्जाल र यातायातको सुविधा निकै कम थियो । यातायातको साधन भेट्नका लागि बलेफीस्थित अरनिको राजमार्ग पुग्नुपर्थ्यो । सामग्रीहरू ढुवानी गर्नका लागि घोडा, खच्चर र गधा प्रयोग गरिन्थ्यो ।

ख. वर्तमान अवस्था :

अहिले पनि पालिकाको माथिल्लो भेगका मानिस खेतीपातीका लागि गोरु नै प्रयोग गर्छन् । तल्लो भेगका कृषकले हाते ट्याक्टर प्रयोग गर्न थालेका छन् । त्यस्तै बाली भित्र्याउन अर्थात धान, गहुँ र कोदो झार्नका लागि थ्रेसर प्रयोग गर्न थालिएको छ ।

पालिकाको तल्लो तथा मध्ये् भागमा रासायनिक मलको प्रयोग बढेको छ । आलोपालो खेती गर्ने प्रचलन पहिलेको भन्दा थोरै कम भएको छ तर त्यसको संस्कार भने राम्रो अवस्थामै छ । बिउबिजनमा परनिर्भरता बढ्दै गएको छ । जसले गर्दा केही वर्ष उत्पादन वृद्धि भए तापनि पालिकाको कृषि अर्थतन्त्रमा नै प्रभाव पर्ने देखिन्छ । सँगसँगै समुदायमा रहेका स्थानीय बिउबिजन पनि लोप हुँदै गएका छन् । सातु, रोटी, पीठो मकै खाजाको विकल्पमा चाउचाउ, बिस्कुटलगायत वस्तुको प्रयोग बढेको छ । जसले गर्दा आममानिसको स्वास्थ्यमा गहिरो असर पर्ने देखिन्छ ।

फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसक्दा जलस्रोतको धनी जुगल गाउँपालिकाको सौन्दर्यमा ह्रास आउँदै गएको छ । अनावश्यक रूपमा करेन्ट प्रयोग गरी माछा मार्ने प्रचलन बढेसँगै जैविक विविधतामा पनि ह्रास हुँदै गएको छ तर स्थानीय प्रहरी प्रशासनले यसलाई न्यूनीकरण गर्ने प्रयास गरिरहेका छन् ।

उत्पादनको परिमाण बढे तापनि उक्त उत्पादनबाट पाउनुपर्ने पौष्टिकता भने हराउँदै गएको छ । रासायनिक मल र आयातीत बिउबिजन प्रयोगका कारण उत्पादित अन्नको भण्डारणमा पनि समस्या देखिएको छ । लामो समय भण्डारण गर्न सकिने उत्पादन हाल एक वर्ष पनि मुस्किलले भण्डारण गर्न सकिन्छ ।

रेमिट्यान्सले जीविकोपार्जनमा प्रभाव पार्न सुरु गरेपछि स्थानीयहरू शहरी क्षेत्रतर्फ बसाइँ सर्ने र खेतीयोग्य जमिन बाँझो राख्ने प्रचलन बढेको छ । जमिन बाँझो राख्ने

लोक बहादुर ...
प्रमुख प्रशासकिय अधिकृत

प्रवृत्ति बढेसँगै खेतीपातीमा जङ्गली जनावरको आतङ्क, भेलबाढी र पहिरोको समस्या पनि बढ्दै गएको छ ।

सिँचाइको सुविधा नपुगेका कारण धेरैजसो खेती आकाशे पानीको भरमा गर्नुपरेको छ । निरन्तर भान्छामा चाहिने लसुन, प्याज, तेल, चामल, दाल, गेडागुडी लगायतका खाद्य सामग्रीको माग आयतले नै धानेको छ । पालिकाको बजार क्षेत्रमा तरकारी, फलफूल तथा खाद्यान्न नजिकैको दोलालघाट बजार र काठमाडौँबाट आयात गर्ने गरिएको छ । पालिका आलु उत्पादनमा भने आत्मनिर्भर छ । पालिकको हावापानी अनुसार जुगल १ सेलाङ, जुगल ४ डल्लेपोखरी क्षेत्रमा भने चिया खेतीको परीक्षण सुरु गरिएको छ ।

उत्पादनका हिसाबले जुगल १ बाधसिम्ले, कुनेगाँउ र कुमाले, जुगल ७ तीनघरे, थामसिङ बोल्दे खेतलाई धान र मकै खेती, जुगल १ बाँसखर्कलाई चिया खेती, जुगल २ सिन्धुर्चे, जुगल ३ गुम्बा, जुगल ६ हाप्रालाई आलु खेती, जुगल ३ कै तेम्वाथान, अम्वाखर्क क्यांसिङ्ग चौरी पालन र भेडा पालन, जुगल ४ घुङ्गा, पाकु, खानी गाउँ, जुगल ५ ढाडे, टेकानपुरलाई तरकारी खेती र जुगल २, गोल्चे, निम्लुङ्ग र लिदी, जुगल ५ पोखरे भिर गाउँ र जुगल ६ घिचेलाई बाख्रा पालनका लागि उपयुक्त क्षेत्र मानिएको छ ।

पालिकाको सबै समुदायमा सडक संञ्जाल जोडिए पनि जुगल ३ तेम्बाथान र तेगा, जुगल २ दिपु, साङलुङ, भुल्के गाउँ भने सडक सञ्जालमा जोडिन सकेका छैनन् । पालिकाले सडक संञ्जाल पुऱ्याउन कोसिस गरिरहेको भए तापनि कठिन भौगोलिक बनोटका कारण सफल हुन सकिरहेको छैन ।

उल्लिखित समुदाय बाहेकका अन्य सबै स्थानमा सडक सुविधा पुगेको छ । तर उपलब्ध सडकको अवस्था र क्षमता भने कमजोर छ । पालिकामा वर्षाको समयमा यात्रुबाहक बसहरू चल्न सकेको अवस्था छैन यद्यपि मुख्य सडक स्तरोन्नतिका काम भने भइरहेका छन् ।

प्राविधिक डिजाइन इस्टिमेट प्रयोग नगरी निर्माण गरिएका सडकमा यातायातका साधन चल्न मुस्किल छ । सहायक सडकहरू निर्माण गर्दा आवश्यक प्राविधिक मापदण्ड पूरा गरेको देखिँदैन । जसका कारण त्यसको दिगोपनामा प्रश्नचिह्न उठेको

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

छ । सडक निर्माण सँगसँगै नालाको व्यवस्थापन गर्न नसकिएका कारण समुदायमा भेलबाढी र पहिरोको जोखिम बढेको छ भने खेतीयोग्य जमिन विनाश भएको छ ।

पशुपालनका हिसावले हेर्ने हो भने यस पालिकामा गाई गोरु, बाखा, भैसीँ, च्यांग्रा र माथिल्लो भेगमा चौरी र भेडा पाल्ने गरिएको छ ।

पालिकामा उत्पादन हुने मुख्य बालिहरुमा कोदो, मकै, धान आलु लगायत रहेका छन् । नापी विभागको २०७८ को प्रतिवेदन अनुसार सबै भन्दा बढि २८५५.७७ हेक्टर जमिनमा मकै र कोदो लगाउने गरेको पाईन्छ । बिस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ

बालिको विवरण	क्षेत्रफल हेक्टरमा	प्रतिशत
मकै - कोदो	४९६९.६३	४५.४५
मकै - तेलहन	३२८.८४	३.०१
मकै - अन्यबाली	३०.०१	०.२७
मकै - आलु	१७०.७०	१.५६
धान -मकै	०.१६	०.००
धान -गहु-दाल	८८.३६	०.८१
धान-गहुँ	४७९.२३	४.३८
जंगली क्षेत्र भन्दा बाहिरको झाडी क्षेत्र	४८६८.०२	४४.५२
धान - मकै	०.३६	०.००
जम्मा	**१०९३५.३२**	**१००**

स्रोत: नापी विभागले प्रकाशन गरेको २०७८ को बर्तमान भूउपयोगको अवस्था

ग. तापमानको विश्लेषण :

Table **Error! No text of specified style in document.**-1: Monthely minimun and maximum temperature (Station: Bahrabise)

Source: Department of Meteorology, 2021

सिन्धुपाल्चोक जिल्लाको वाह्रविसे नगरपालिकामा रहेको ताप मापन केन्द्रको विगत १२ वर्ष देखिको तापक्रमको मात्र हेर्ने हो भने यो भूगोलको तापक्रम वार्षिक रुपमा वृद्धि हुदै गैरहेको देखियो । पहिलो वर्ष औसत अधिकतम् २६.७० र

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

न्युनतम् १५.५५ डिग्री सेल्सियस रहेको यस भूगोलको तापक्रम दोश्रो वर्ष अधिकतम् २८.१५ पुगेको थियो भने न्युनतम् घटेर १४.३६ डिग्री सेल्सियस पुगेको थियो । त्यसै गरि दोश्रो वर्षको तुलनामा तेश्रो वर्षमा भने तामक्रम घटेको देखिन्छ । चौथो वर्षमा हेर्ने हो भने अधिकतम् र न्यूनतमम दूवै तापक्रम वढेको देखिन्छ । एवं ऋतले आठौ र नवौ वर्षमा अधिकतम् तापक्रम वढेको देखिन्छ भने दसौ वर्षमा भने केही घटेको देखिन्छ ।

यो वाट के आंकलन गर्न सकिन्छ भने तुलानात्मक रुममा यो क्षेत्रको भुगोलको तापमानमा अस्थिरता आएको । वर्षहरुको तामममानको अधिकतम् र न्युनतम् मानहरुमा उतार चढाव आएपनी समग्रमा सुरुको वर्षको तुलनामा पछिल्ला वर्षहरुमा यस क्षेत्रको तापमक्रम वढ्दै गैरहेको देखिन्छ जसको कारण जलवायू परिवर्तनको असर हो भन्न सजिलै सकिन्छ । वेमौसमी वर्षा, अतिवृष्टि, खण्डवृष्टि लगाएतका प्राकृतिक प्रकोपहरु पनि देखा पर्न थालेको पाईन्छ । भूगोलको तामममानमा आएको अस्थिरताले हिमालहरु पग्लने, वेमौसमी पर्षात हुने लगाएतका कारण हाल मासिनहरुले असोचनीय विपद्हरु भोग्नु परको छ । यो विषमा सवै तहको सरकारले गम्भिर भै सोचेर जलवायु परिवर्तनको असर न्युनिकरण गर्न केही पहल कदमीहरु लिने हो की ।

गाउँ कार्यपालिकाको कार्यालय जुगल गाउँपालिका
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

खण्ड ग

भूउपयोग सोचपत्र

१ **दीर्घकालीन सोच :** 'जुगल समृद्धिको आधार : प्राकृतिक स्रोतको सदुपयोग, संरक्षण र सम्भार ।'

२ **लक्ष्य :** वातावरण सन्तुलन, सुरक्षित आवासको सुनिश्चतता र कृषि उपज उत्पादन वृद्धिका माध्यमबाट स्थानीयको जीवनस्तर उकास्नका लागि भूमि उपयोगको विद्यमान स्थिति र प्रवृत्तिमा सुधार गर्ने ।

३ **उद्देश्य :**

यस सोचपत्रको प्रमुख उद्देश्य विद्यमान भूउपयोगको अवस्थालाई सुधार गरी व्यवस्थित र प्रभावकारी भूमि प्रयोग गर्ने हो । यसका अलवा आधारपत्रले तपसिलका उद्देश्य लिएको छ :

क. वर्तमान उपयोग र दिगोपनाको अवधारणा अनुरूप भूमिको वर्गीकरण गरी प्रयोगको सुनिश्चितता गर्ने,

ख. भूमिको उत्पादकत्व र उत्पादन वृद्धि गरी कृषि उपजको आयात प्रतिस्थापन गर्ने,

ग. वातावरणीय प्रभाव मूल्याङ्कन गरी विपद् व्यवस्थापनमैत्री, व्यवस्थित र दिगो पूर्वाधारहरूको निर्माण गर्ने,

घ. पालिकाभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको पहिचान र संरक्षण गर्दै नयाँ पर्यटकीय क्षेत्रहरू पहिचान गरी व्यवस्थित पर्यटन प्रबर्द्धन गर्ने,

ङ. पालिकाका सबै घरधुरीलाई सुरक्षित आवास सुनिश्चित गर्ने,

४ **रणनीति र कार्यनीति**

१. वर्तमान उपयोग र दिगोपनाको अवधारणा अनुरूप भूमिको वर्गीकरण गरी प्रयोगको सुनिश्चितता गर्ने,

२, भूमिको उत्पादकत्व र उत्पादन वृद्धि गरी कृषि उपजको आयात प्रतिस्थापन गर्ने,

३, वातावरण प्रभाव मूल्यांकन गरी विपद् व्यवस्थापन मैत्री, व्यवस्थित र दिगो पूर्वाधारहरु निर्माण गर्ने,

४, पालिका भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको पहिचान र संरक्षण गर्दै नया पर्यटकीय क्षेत्रहरु पहिचान गरि व्यवस्थित पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने,

५, पालिकाका सवै घरधुरिहरुलाई सुरक्षित आवास व्यवस्थाको सुनिश्चिनता गर्ने,

लोक बहादुर थि...
प्रमुख प्रशासकिय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

५, ५० वर्षपछिको अवस्था

अहिले खेती गरिरहेको अधिकांश जमिन जङ्गलले भरिनेछ । खेतीयोग्य जमिन र सडकको छेउमा बसोबासको चाप बढ्नेछ । पाखा बारीहरू बुट्यानले भरिनेछ र कृषि उपजहरू अहिलेको भन्दा बढी आयात गर्नुपर्नेछ । विषादीको प्रयोगका कारण माटोको अम्लीयपन बढेर उत्पादनमा ह्रास हुने अनुमान लगाउन सकिन्छ । किसानहरू विस्थापीत हुनेछन् । पालिकामा रैथाने बीउहरू लोप हुनेछ । कृषि बिउबिजनमा बढेको परनिर्भरताका कारण बिउबिजन अभावमा खेती प्रणालीमा खलल् पुग्नेछ र भोकमरीको समस्या बढ्न सक्नेछ । हाइब्रिड र आयातीत बिउले गर्दा प्राङ्गारिक मलको सट्टा विषादीको मात्र बढी प्रयोग गर्नुपर्ने हुन्छ । जसको प्रयोगबाट माटोको उत्पादकत्व घट्नेछ भने मानिस र पशुपन्छीमा दीर्घकालीन रोग बढ्न सक्ने सम्भावना बढी देखिन्छ ।

भूक्षय, बाढी र पहिरोका कारण खेतीयोग्य जमिन घट्नेछ र बस्तीहरू विस्थापित हुनेछन् । जनसङ्ख्या वृद्धिसँगै बसाइँ सर्ने क्रम बढ्नेछ । वातावरणीय प्रभाव मूल्याङ्कनलाई बेवास्ता गरी बढ्दै गएको विकास निर्माणका कामले वातावरणमा नकारात्मक असर पर्नेछ । अर्गानिक र पौष्टिक खानाको सट्टा बजारको आयातीत हानिकारक खाना उपभोग गर्नेको सङ्ख्या बढ्नेछ ।
जिल्लाकै तामाङ्ग समुदायको वाहुल्य रहेको गाउँपालिका हो। समुदायको आफ्नै धर्म, संस्कृति भेषभूषा, रहन सहन र चालचलन रहेको, साविकको स्थानवाट मानिसहरुको तीव्र वसाईसराई र आधुनिकरण हुँदा गाउहरु पातलिदै जानेछन । ग्रामिण क्षेत्रमा मानिसहरुको वासोवास न्युन हुनेछ । शहरी र सुविधासम्पन्न स्थानमा जनघनत्व वढि हुनेछ। जहाँ सवै प्रकारका जमिनहरु केवल आवासको लागि मात्र उपयोग हुनेछन् । परम्परागत शैलिमा स्थानीय स्रोतसाधनको उपयोगवाट वन्ने दुईपाखे घरहरु न्युन हुनेछ । जसले गाँउको परम्परागत रुपरंगनै वदल्ने छ। यो गतिमा आवास र समुदायको निर्माण हुने हो भने सवै आधुनिक खालको आवास वन्नेछ र पुराना कला र संस्कृति लोप हुनेछ ।

अबको सोच

- सुरक्षित र भूउपयोग योजनाले निर्देश गरेको स्थानहरुमा मात्र एकीकृत बसोबास गर्ने । जथाभावी घरहरू नबनाउने । बस्ती नजिकै सुरक्षित स्थान राख्ने । आफूसँग भएको उब्जाउ हुने जमिनमा आफैं खेती गर्ने । कमसल जमिनमा वृक्षरोपण तथा बाली बिरुवा लगाएर उपयोगमा ल्याउने । यसका लागि समुदाय सबैको सहमतिमा जग्गा छुट्याउने र स्थानीय सरकारको सहयोग लिएर संरक्षण र व्यवस्थापन गर्ने ।
- कृषि कर्ममा संलग्न प्रत्येक घर/परिवारले आफूलाई खान पुग्ने अन्न आफैं उत्पादन गर्ने । कम जमिन भएको परिवारलाई पालिकाको सहयोगमा बाँझो तथा खाली जमिन लिएर

लोक बहादुर थि...
प्रमुख प्रशासकिय अधिकृ...

खेती गर्न लगाउने । खेतीमा संलग्न प्रत्येक परिवारले पशु चौपाय पाल्ने । स्थानीय सरकारको सहयोग लिएर सुधारिएको गोठहरू निर्माण गर्ने । गोठे मल सुधार गरी प्राङ्गारिक खेतीलाई बढवा दिने ।

- खेतीपातीमा लाग्ने रोग/कीरा कम गर्न जैविक मल बनाउने । यस्तो खेती गर्न गाउँपालिका, कृषि तथा पशु शाखासँग समन्वय गरेर गाउँमा स्रोत व्यक्ति तयार गर्ने । बजारको व्यवस्थापन गर्नका लागि समुदाय तहमै समिति बनाएर कसले कस्तो प्रकारको खेती गरेको छ भनी तथ्याङ्क सङ्कलनका लागि संयुक्त अनुगमन गर्ने ।
- विकासे तथा हाइब्रिड बिउ भन्दा पनि गाउँमै लगाइँदै आएको रैथाने बिउको प्रयोगलाई प्रोत्साहन गर्ने । रैथाने जातको बिउ उत्पादन र भण्डारणका लागि पालिकाले लगानी गर्ने । कृषि कार्यालयसँग सहयोग लिएर बालीनालीको निरीक्षण र बिउका लागि उपयुक्त बाली वा उत्पादन छ कि छैन चेकजाँच गराउने ।
- श्रम शक्ति भएको परिवारका सबै सदस्यलाई खेतीपाती गर्न सिकाउने । सबैले अनिवार्यरूपमा करेसाबारी राख्ने । कम्तीमा पनि आफूलाई पुग्ने तरकारी आफैँले उत्पादन गर्ने । तर अन्य खेती गर्दा समुदायका सदस्य मिलेर जमिन चक्लाबन्दी गरी व्यावसायिक खेती गर्ने ।
- गाउँमा अन्न भकारी स्थापना गर्ने । विपद्को समयमा गाउँका सदस्यलाई समस्या पर्दा त्यो अन्न उपयोगमा ल्याउने । सबैले आफू र अरूलाई सुरक्षित बनाउन वर्षे भेलको व्यवस्थापन गर्ने । भत्केको ठाउँ समुदाय आफैँ मिलेर बनाउने । सामुदायिक संरचना तथा सम्पत्तिहरू समुदायले नै संरक्षण र उपयोग गर्ने । सार्वजनिक धाराहरू निर्माण गर्ने र समुदाय तथा टोल सुधार समिति मिलेर आफ्नो गाउँ सफा राख्ने ।
- पालिका भित्र रहेको कूल ९ प्रतिशत बाँझो जमिनलाई स्थानीय तहले आफ्नो मातहतमा लिने, आवश्यक मलखाद् र वीउविजन समेत उपलव्ध गराई आलु, मकै, कोदो, गँहु, धान र जौ जस्ता मुख्य अन्नवालिहरुको व्यावसायिक र आधुनिक कृषि पेशाको रुपमा विकास गरि प्रशस्त अन्न तथा तरकारी उव्जाउन सकिने,
- यो गाउँपालिकामा प्रशस्त मात्रामा ढुङ्गा तथा स्लेटका खानिहरु छन् करिव २८ स्थानमा त पहिचाँननै भैसकेको छ । उक्त खानिहरु व्यवस्थित, जोखिम् शंवेदनशिल, जलवायु उत्थानशिल, प्रारम्भिक वातावरण परिक्षण वमोजिम संञ्चालन भएको देखिदैन । सार्वजनिक र वनक्षेत्रको जग्गाको साधसिमाना मिचिएको अवस्था रहेको छ । फलस्वरुप भूउपयोग ऐन र भूउपयोग नक्साले दृष्टिगत गरे अनुसार भूउपयोग भएको देखिदैन । त्यस्ता क्षेत्रहरुको व्यवस्थित र वातावरण मैत्री हुने गरि संञ्चालन गर्ने हो भने पनि स्थानीय तहको आयस्रोतमा वृद्धि, स्थानीय रोजगारमा वृद्धि, जोखिम् न्यूनिकरण, वातावरण र भूउपयोग मैत्री विकासको प्रचुर संभावना देखिन्छ ।,

- जलस्रोतको दृष्टिले पनि उतिकै धनि रहेको छ यो गाउँपालिका । सञ्चांलनमा आईसकेको र निर्माणाधिन जलविधुत् योजनाहरुको क्षमता हेर्ने हो भने करिव ४०० मेवा रहेको छ । उक्त आयोजानाहरुलाई व्यवस्थित र व्यवसायिक तवरले संञ्चालन गर्ने हो भने पनि आफ्नो स्थानमा अथाह उपभोग गरि ठूलो परिमाणमा निर्यात गर्न सक्दछ । यसको अवला स्थानीय युवाहरुलाई पनि सो क्षेत्रमा प्रशस्त रोजगारिको सिर्जना गर्न सक्ने देखिन्छ ।

- यो पालिकाको करि १०.३ प्रतिशत भूभाग वुट्यान तथा चरिचरणको क्षेत्र रहेको छ । उक्त क्षेत्र व्यर्थमै खेर गैरहेको छ । त्यस्तो क्षेत्रहरुको स्थानीय तहले व्यवस्थापन गरि अनुदान मार्फत माथिल्लो क्षेत्रमा वसोवास गर्ने घरधुरिहरुलाई भेडावाखा तथा चौरी लगाएतका व्यवसायिक पशुपालनमा समाहित गरि मनग्य आम्दानी गर्न सक्ने संभावना देखिन्छ,

- जुगल गाउँपालिकाको ४७.३६ प्रतिशत जमिन जङ्गगले ढाकेको छ । करिव २३ वटा सामुदायिक वनहरुले २२५७.५४ हेक्टर क्षेत्र ओगटेको छ । सामुदायिक वनहरुमा विभिन्न प्रकारको डाले घासँहरु उत्पादन गरि वाखा पालन गर्न सकिने देखिन्छ । पालिकाको माथिल्लो भेगको जङ्गगलहरुमा यार्स्यागुम्वा, लोक्ता, चिराईतो, मजिनो, टिम्मुर, सिल्टिमुर, पाखनदेव, मलायो जस्ता महत्वपूर्ण जडिवुटिहरु पाईन्छ जसको राष्ट्रिय र अन्तराष्ट्रिय वजारमा धेरै मूल्य पर्ने गर्दछ । त्यस्तो क्षेत्रलाई स्थानीय सरकार मार्फत संञ्चालन गरि जडिवुटिहरुको संकलन, प्रशोधन, उत्पादन र वितरण गर्न सके ठुलो धनराशिमा आयआर्जन गर्न सकिने शभांवना देखिन्छ ।

- पालिका भित्र रहेको सार्वजनिक स्थानहरुमा समुदायिक भवन, अस्थाई टहरा, अवलोकन टावर, मठ, मन्दिर, गुम्वा, वनभोज स्थल आदिको विकास गर्न सके आन्तरिक तथा वाह्य पर्यटन प्रर्वद्धन गर्न सकिन्छ । साथै सार्वजनिक तथा खुल्ला स्थानमा अस्थाई टहरा तथा सामुदायिक भवनहरुको निर्माण गर्न सके विपद्को समयमा जोखिममा रहेको घरधुरिहरुलाई केहि समयमा सुरक्षित राख्न सकिन्छ ।

नोट: *मिति २०७७ साल माघ २२ गते वडा न ५ ढाडे र फागुन १४ गतेको दिन जुगल गाँउपाकिका वडा ५, टेकानपुरका स्थनीय वासी, वुद्धिजिवी, शिक्षक, पूर्व कर्मचारी लागातए संग गरिएको विस्तृत छलफल र अन्तर्क्रियाको आधारमा तयार गरिएको हो । सहभागिहरुको सक्रिय सहभागिता रहेको थियो र सहभागिहरुकै मर्म अनुरुप तयार गरिएको हो। उक्त छलफल तथा अन्तक्रिया कार्यक्रममा क्रमश कूल १४ र १३ जना सहभागिहरुको उपस्थिति रहेको थियो ।*

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

७.अद्यावधिक भूउपयोग क्षेत्र नक्सा:



नापी विभागले स्थानीय सरकारलाई हस्तान्तरण गरेको भूउपयोग नक्सा अनुसार यस गाउँपालिकामा ९ वटा क्षेत्रहरु पहिचान भएका छन् । उल्लेखित नक्सामा यस गाउँपालिकाको सबैभन्दा वढि क्षेत्र सार्वजनिक उपयोगको क्षेत्र अर्थात हिउँले ढाक्ने क्षेत्र रहेको छ जुन सेतो भूइमा निलो लाम्चो थोप्लोले इंकित गरेको छ । दोश्रो ठुलो क्षेत्र भनेको वन क्षेत्रले ओगटेको छ जसलाई हरियो रंगले संकेत गरिएको छ । त्यसै गरि तेश्रो ठुलो क्षेत्र भनेको कृषि क्षेत्र रहेको छ जसलाइ नक्सामा पहेको रंगले संकेत गरिएको छ । पालिकाको चौथो ठुलो भाग भनेको नदि खोल्सि र सिमसार क्षेत्रले ओगटेको छ जसलाई नक्सामा निलो रंगले संकेत

गरेको छ । पाचौ ठुलो क्षेत्र आवस क्षेत्रले ओगटेको छ जसलाई नक्सामा खैरो रंगले ईंकित गरेको छ । अन्य पहिचान गरिएको क्षेत्रहरु भने प्रष्ठ देख्न सकिएको छैन ।

८. पहिरो जोखिम क्षेत्रको नक्सा :



माथि उल्लेखित नक्सामा पहिरो जोखिम् संवेदनशिल क्षेत्रको विषयमा उल्लेख गरिएको छ । उल्लेखित नक्साअनुसार रातो रङ्गले पहिरोको उच्च जोखिम, पहेँलो रङ्गले मध्यम जोखिम र हरियो रङ्गले न्यून जोखिम क्षेत्रलाई जनाउँछ । यसरी हेर्दा जुगल गाउपालिकाको अधिकांश क्षेत्रहरुमा मध्यम् खालको जोखिम् बढि भएकोले सो क्षेत्रको सुरक्षाको लागि पालिकाले अल्पीकरणका कामहरुमा लगानी बढाउनुपर्ने देखिन्छ ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

खण्ड- घ

गाउँपालिकाको भूउपयोग कार्ययोजना

१. कार्य योजना

गाउँपालिकाको उल्लेखित दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तीका लागि अवलम्वन गरिने कार्यनीति तथा योजनाहरु निम्नानुसार छन् । योजनामा समावेश गरिएको क्रियाकलाप र क्रियाकहरुको लागि आवश्यक पर्ने अनुमानित वजेटहरु विस्तृत रुपमा उल्लेख गरिएको छ ।

कार्यक्रम	क्रियाकलाप	इकाई	लक्ष्य					लागत रु हजारमा
			पहिलो वर्ष	दोश्रो वर्ष	तेश्रो वर्ष	चौथो वर्ष	पाचौं वर्ष	
भूमिको बर्गिकरण गरि प्रयोगको सुनिश्चितता गर्ने	भूमिको बनोट क्षमता, उपयुक्तता र विद्यमान उपयोगका आधारमा नापी विभागबाट उपलब्ध गराएको भूउपयोग क्षेत्र नक्साको अध्यावधिक गर्ने ।	वडा						२०००
	नापी विभागले उपलब्ध गराएको जोखिम् स्थानहरुको भौगर्भिक अध्ययनका आधारमा पुनर्मुल्यांकन गरि जोखिमयुक्त बस्तीहरुको पहिचान गर्ने र अल्पिकरण योजना संञ्चालन गर्नुपर्ने क्षेत्रहरुको किटान गर्ने ।	वडा						१०००
	जोखिम स्थानमा रहेका वस्तीहरुको पुनर्स्थपनाका लागि आवश्यक काम गर्ने । (वस्तीहरु तोक्नु पर्ने)	वडा						१००००
	सडक सिर्जित पहिरोको रोकथाम तथा न्यूनीकरणका लागि ग्रामिण सडक	वडा						१००

लोक बहादुर थि...
प्रमुख प्रशासकिय अधिकृ...

	निर्माण निर्देशिका तर्जुमा गरि प्रभावकारी कार्यान्वयन गर्ने ।							
	भूउपयोग क्षेत्र नक्सा अनुरुप जमिनको उपयोग भए/नभएको सुनिश्चितताका लागि कार्यान्वयन मापदण्ड तयार गरि अनुगमन तथा मुल्यांकन गर्ने गराउने ।	वडा						०० लागत आवश्यक नपर्ने
	समुदाय तथा बस्ती तहमा रहेका खुला स्थानमा माटो, हावापानी र भूगोल अनुकुल हुने बोट बिरुवा लगाउनका लागि समुदायलाई प्रोत्साहित गर्ने नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।	वडा						५००
खाद्य आत्मनिर्भरता का लागि उत्पादान	विद्यमान भूउपयोग क्षेत्र नक्साले कृषि क्षेत्र भनि तोकेको क्षेत्रमा योजनाबद्ध रुपमा आवश्यकता अनुसार उपक्षेत्र वर्गीकरण गरि कृषि पकेट क्षेत्र छुट्याउने र सोहि अनुसार कार्यान्वयन गर्ने ।	वडा						१०००
	व्यावसायिक कृषि प्रबद्धन गर्न निश्चित मापदण्डका आधारमा जलवायु अनुकुलन हुने बिउ बिजन, मलखाद्, कृषि उपकरण र सहुलियत कृषि ऋण उपलब्ध गराउने ।(स्थान नै उल्लेख गरेर, व्यावसायिक कृषि दर्तावाल र दर्ता नभएका)	वडा						२०००
	उच्च पहाडी र मध्य हिमाली क्षेत्रमा हुने अर्गानिक आलु, कोदो, जौ फापर, सिमी उत्पादन गर्न किसानलाई प्रोत्साहन गर्ने र पालिकाले बजारीकरणको व्यवस्थापन गर्ने ।	वडा						२०००
	आयात प्रतिस्थापन गरि पालिकालाई आत्मनिर्भर बनाउन कृषि व्यवासायका लागि अति आवश्यक पूर्वाधारको निर्माण र आवश्यक विउ	वडा						१०००

लोक बहादुर ...
प्रमुख प्रशासकिय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

	बिजन, मल खाद्यको समयमानै उपलब्धताको सुनिश्चितता गर्ने ।							
	खेतीयोग्य जमिनको लगत संकलन गरि त्यसको उपयोगको अवस्थाको विश्लेषण गर्ने । बाँझो रहेको खेतीयोग्य जमिनमा सामूहिक खेती गर्न प्रोत्साहित गर्ने ।	वडा						५००
	रासायनिक मल, विषादी र आयातित बिउमूक्त क्षेत्र घोषणा गरि जैविक प्राङ्गरिक मलको प्रयोगबाट रैथाने अन्न उत्पादन र स्थानीय पशुपन्छी पालनलाई प्रोत्साहान गर्ने ।	वडा						१०००
वातावारणीय प्रभाव मुल्यांकन गरि विपद् व्यवस्थापनमैत्री, व्यवस्थित र दिगो पूर्वाधारहरुको निर्माण गर्ने	वातावारण संरक्षण र पर्यावरणीय विकास प्रवर्द्धनका लागि प्राकृतिक पोखरीहरुको संरक्षण गर्ने र अति आवश्यक स्थानमा प्राकृतिक पोखरीको निर्माण गरि जलभण्डारण गर्ने ।	वडा						१०००
	वस्ती विकास गर्दा बस्तीमा रहने परिवार संख्या, एकीकृत बस्तीको क्षेत्रफल, बस्ती भित्रको सडक, खुला क्षेत्र, घडेरीको न्यूनतम् क्षेत्रफल, निर्माण गर्दा छोड्नुपर्ने क्षेत्र, घरको वनावट र फोहोर मैला व्यवस्थापन सम्बन्धि मापदण्ड र कार्यान्वयन कार्यबिधि बनाई लागु गर्ने ।	वडा						०० लागत आवश्यक नपर्ने
	खेर गईरहेको सार्बजनिक तथा नीजि जमिनलाई सदुपयोग गर्नको लागि निश्चित मापदण्ड बनाई उक्त क्षेत्रमा जङ्गली जनावरलाई उपयुक्त हुने फलफूल तथा घाँस लगाउनका लागि प्रोत्साहित गर्ने । (वडा स्तरको छलफलमा स्थाननै किटान गर्ने)	वडा						१०००
	व्यवस्थीत बजार र शहर विकासका लागि बस्ती विकास मापदण्ड बनाई अति आवश्यक पूर्वाधारहरु जस्तै	वडा						२०००

लोक बहादुर ति...
प्रमुख प्रशासकिय अधिकृ...

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

	सडक, अस्पताल, विद्यालय, फोहोरमैला व्यवस्थापन, ढल व्यवस्थापन, स्वच्छ खानेपानी व्यवस्थापनलाई बार्षिक क्रमागत विकास बजेटको व्यवस्था गरि कार्यान्वयन गर्ने ।							
	पालिकामा धेरैमात्रमा खोला, खोल्सा, खहरे रहेको र त्यस्ले पालिकाको कृषियोग्य क्षेत्रको विनास, सडक संन्जाल, सिन्चाईकुलोहरुमा असर गरेकोले इन्जिनियरिङ्ग र गैह्र इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरि अल्पीकरणका कामहरुको सुरुवात गर्ने ।	वडा						३०००
	जोखिममा रहेका गोरेटो बाटो तथा खोला, खोल्सीमा रहेका पुलहरुको अवस्था पहिचान गरि पुननिर्माण तथा मर्मत कार्य तत्काल गर्ने(स्थाननै तोक्नु भएको)	वडा						२०००
व्यवस्थित पर्यटन व्यवासायको प्रवर्द्धन गर्ने	उपयोग बिहीन पर्ति जग्गा, हैसियत बिग्रेका वन साथै खुला क्षेत्रमा बृक्षारोपण गरि स्वच्छ वातावारण निर्माण गर्ने ।	वडा						५००
	पालिकामा पहिचान भएका पर्यटकीय क्षेत्रहरुमा व्यवस्थीत पदमार्गको निर्माण गर्ने, घरहरु निर्माण गर्दा परम्परागत तर प्रकोप प्रतिरोधि घरहरु निर्माण गर्ने ।	वडा						५०००
	अव्यवस्थित तरिकालले सडक किनारामा घर निर्माण गर्ने र व्यापार व्यवसाय गर्नमा बन्देज लगाउने ।	वडा						०० लागत आवश्यक नपर्ने
	पदयात्रालाई सहज, आनन्ददायी र रोमाञ्चक बनाउनका लागि पर्यटकीय पदमार्ग प्रतिक्षालय वा बिश्रामस्थल, सुविधायुक्त शौचालय, खानेपानीको धाराहरु, सञ्चार सुविधा, व्यवस्थित	वडा						५०००

लोक बहादुर थि...
प्रमुख प्रशासकिय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्बी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

	होमस्टे, औषधी पसल जस्ता आधारभूत सुविधाहरुको विकास गरि आन्तरिक तथा बाह्य पर्यटकहरुको रोजाईको क्षेत्रको रुपमा विकास गर्ने ।							
	पालिकामा रहेका सम्पदाहरुको तस्वीर सहित ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्व, त्यो क्षेत्रमा पुग्ने साधन, लाग्ने समय, बास बस्ने सुविधा, मोटामोटी खर्च लगायतका विवरण र सम्भावित जिज्ञासाका समाधानहरु सूचना प्रविधि मार्फत प्रचार प्रसार गर्ने र पालिकाको वेवसाईटमा अध्यावधिक गर्ने । (स्थानहरु पहिचान तोक्ने)	वडा						१०००
	स्थानीय कला र संस्कारको संरक्षण गरि परिष्कृत एकिकृत वस्ती विकासका कार्यक्रम लागु गर्ने ।	वडा						०० लागत आवश्यक नपर्ने
	पालिकामा रहेका प्राकृतिक स्रोत जस्तै पानीको मुहान, खनिज क्षेत्र, नदी, पोखरीका साथै धार्मिक तथा साँस्कृतिक पर्यटकीय क्षेत्रहरुको विवरण अध्यावधिक गरि पर्यटन प्रवद्धनका क्रियाकलापमा जोड दिने ।	वडा						१५००
	एकीकृत वस्ती र निजीघरहरु निर्माण स्वीकृती दिदाँ तोकिएको मापदण्ड र भूउपयोग ऐन बमोजिम बर्गिकृत आवासीय क्षेत्रमा मात्र दिने व्यवस्था गर्ने ।	वडा						०० लागत आवश्यक नपर्ने
सुरक्षित आवास व्यवस्थाको सुनिश्चितता गर्ने	खानेपानीका मुहानहरुको संरक्षण गर्ने, खोला तथा खोल्साहरुमा इन्जिनियरिङ्ग र गैर इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरि अल्पीकरणको काम गर्ने, त्यस्को अनुगमन र मर्मत गर्ने जिम्मा समुदायलाई हस्तान्तरण गर्ने ।	वडा						३०००
	पालिकाका सबै वस्ती तथा समुदायलाई विपद्को समयमा प्रयोग	वडा						०० लागत आवश्यक नपर्ने

लोक बहादुर थि...
प्रमुख प्रशासकिय अधिकृत
जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

	गर्न मिल्ने खुला सार्वजनिक जग्गाको पहिचान गर्ने र आवाश्यक पूर्वाधारको निर्माण गर्ने । (स्थान पहिचान गर्नुपर्ने)							
	भूगर्भविद्हरुको परिचालन गरि जोखिम् वस्तीहरुको पहिचान गर्ने, उक्त वस्तीलाई जीविकोपार्जन, शिक्षा तथा स्वास्थ्यको विकल्प पहिचान गरि उपयुक्त स्थानमा स्थानान्तरण गर्ने ।(स्थाननै किटान गर्नुपर्ने)	वडा						०० लागत आवश्यक नपर्ने
	पालिकामा रहेका प्रमुख प्रकोपहरुको पहिचान गरि त्यसबाट उत्पन्न हुने जोखिम, संकटासन्नता र सम्मुखताको आधारमा आवश्यक समाधानका उपयाहरुसहित स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरि प्रभावकारी कार्यन्वयन गर्ने र वार्षिक समीक्षा तथा अध्यावधिक गर्ने ।	वडा						०० लागत आवश्यक नपर्ने
	मनसुनको समयमा वस्तीहरु बढि जोखिममा हुने भएकोले सुरक्षित स्थानको पहिचान गरि अस्थाई आवासको व्यवस्थापन गर्ने । अन्यत्र स्थानान्तरण गर्दा जमिनको स्वामित्व, जीविकोपार्जन र रीतिरिवाजमा पनि समस्या हुने भएकोले नजिकै आमोद कमोद गरिरहेको जमिनको प्रयोग गर्न सक्ने विकल्पलाई प्राथमिकतामा राखी काम गर्ने ।	वडा						०० लागत आवश्यक नपर्ने

पुनश्चः माथि उल्लेख गरिएको क्रियाकलाप तथा क्रियाकलापसंग सम्वन्धित अनुमानित वजेट जुगल गाँउपालिकासंग समन्वय तथा छलफल गरि मोटामोटी तय गरिएको हो । साथै यी कार्यक्रम तथा सम्वन्धीत वजेटहरु गाँउकार्यपालिका वा स्थानीय भूउपयोग परिषद्को वैठकमा विस्तृत रुपमा पुन छलफल गरि अन्तिमीकरण गरिनेछ ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

२. कार्यान्वयन

यस योजनामा लक्षित गरिएको कार्यक्रमहरु स्थानीय तहले प्राथमिकता निर्धारण गरी आर्थिक क्षमताको आधारमा कार्यान्वयन गर्दै लगिने छ ।

३ अनुगमन तथा मुल्यांकन

यस योजनामा प्रस्तावित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन भए नभएको सुनिश्चित गर्न कार्य तालिका तयार गरी प्रगति प्रतिवेदनको माध्यमबाट नियमित अनुगमन र स्थलगत रुपमा भौतिक प्रगतीको अनुगमन गर्न कार्यान्वयन कै चरणमा कार्यस्थलमा नै पुगी सुधारात्मक उपायहरु अवलम्बन गर्न गराउन सक्षम टोलिको प्रवन्ध गरिनेछ । अनुगमन टोलिले अनुगमनका क्रममा देखेका सुधार गर्नुपर्ने कुराहरु तत्कालै सधार गर्न लगाउने छ भने निर्णय गर्नु पर्ने विषयमा संस्थागत निर्णय लिइने छ ।

लोक बहादुर
प्रमुख प्रशासकिय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरास्वी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३